राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५० २०८३ वैशाख १ गते मंगलवार (14 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

# घरजग्गा कारोबारमा मधेश अग्रस्थानमा


दैनिक समाचारदाता

जनकपुरधाम, ३० चैत । मधेश प्रदेशबाहेक अन्य प्रदेशहरूमा साना आकारका जग्गा (टुक्रे प्लट) को कारोबार बढी हुने गरेको पाइएको छ । अन्य प्रदेशको तुलनामा मधेश प्रदेशको जग्गा खेतीपातीका लागि उपयुक्त मानिने भएकाले त्यहाँ ठूला आकारका जग्गाको कारोबार बढी हुने गरेको हो ।

नेपाल राष्ट्र बैंकको घरजग्गा सम्बन्धी पछिल्लो अध्ययन प्रतिवेदनअनुसार कारोबार भएको क्षेत्रफलका आधारमा मधेशबाहेक सबै प्रदेशमा २.५ देखि १० आनासम्मका प्लटहरू बढी किनबेच हुने गरेका छन् । तर मधेश प्रदेशमा भने २० आनाभन्दा माथिका प्लटको कारोबार बढी हुने गरेको अध्ययनले देखाएको छ । कारोबार भएको कुल क्षेत्रफलका आधारमा मधेश प्रदेशको हिस्सा सबैभन्दा उच्च रहेको छ । त्यसपछि कोशी प्रदेश र लुम्बिनी प्रदेश रहेका छन् ।

घोषित मूल्यका आधारमा भने बागमती प्रदेश अग्रस्थानमा रहेको छ । महानगर तथा उपमहानगरपालिका क्षेत्रमा ५ देखि १० आनासम्मका प्लटहरू सबैभन्दा बढी कारोबार भएको अध्ययनले देखाएको छ ।

केन्द्रीय बैंकले भूमि व्यवस्थापन तथा अभिलेख विभाग र आन्तरिक राजस्व विभागबाट सङ्कलित तथ्याङ्कका आधारमा रियल इस्टेट



कारोबारसम्बन्धी विवरण त्रैमासिक रूपमा प्रकाशन गर्दै आएको छ । केही वर्षअघि यस्तो प्रतिवेदन नियमित रूपमा प्रकाशन गर्ने र मूल्य सूचकाङ्क ट्र्याक गर्ने योजना सफल हुन नसके पनि अब पुनः त्रैमासिक प्रतिवेदनका रूपमा सुरु गरिने जनाइएको छ । रियल इस्टेट कारोबारको प्रवृत्तिको विश्लेषण लिखत पारित अन्तर्गत राजीनामा कारोबारका आधारमा गरिएको केन्द्रीय बैंकले जनाएको छ । कारोबारको सङ्ख्या, मूल्य, क्षेत्रफल, राजस्व सङ्कलन तथा यस क्षेत्रमा प्रवाहित बैंक कर्जाजस्ता सूचकका आधारमा समग्र प्रवृत्तिको विश्लेषण गरिएको छ ।

अध्ययनमा राष्ट्रियस्तरसँगै प्रादेशिक, महानगरपालिका तथा उपमहानगरपालिका तहमा समेत विश्लेषण गरिएको छ । साथै, कारोबार भएको जग्गाको क्षेत्रफललाई विभिन्न वर्गमा विभाजन गरी सोअनुसार कारोबार सङ्ख्या र थैली रकम प्रस्तुत गरिएको छ ।

त्रैमासिक तथ्याङ्कअनुसार घरजग्गा कारोबारमा मौसमी प्रवृत्ति देखिएको छ । आर्थिक वर्षको पहिलो त्रैमासमा कारोबार न्यून रहने र तेस्रो तथा चौथो त्रैमासमा उच्च हुने गरेको अध्ययनले देखाएको छ । कारोबार सङ्ख्याका आधारमा मधेश प्रदेश अग्रस्थानमा रहेको छ भने त्यसपछि लुम्बिनी र कोशी प्रदेश रहेका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने सबैभन्दा कम कारोबार हुने गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म घरजग्गा कर्जा ७२.४१ प्रतिशत र आवासीय कर्जा ६१.५५ प्रतिशतले वृद्धि भएको अध्ययनले देखाएको छ । घरजग्गा क्षेत्रबाट प्राप्त सरकारी राजस्व आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासमा २३.७ अर्ब रुपैयाँ पुगेको थियो । त्यसपछि घट्दै २०७९/८० को पहिलो त्रैमासमा ८.२ अर्बमा झरेको र पछिल्लो अवधिमा पुनः सुधार हुँदै २०८१/८२ मा करिब १५ अर्ब रुपैयाँ पुगेको छ ।

यी तथ्याङ्कका आधारमा घरजग्गा मूल्य सूचकाङ्क निर्माण तथा प्रकाशन गर्ने दोस्रो चरणको तयारी केन्द्रीय बैंकले अघि बढाएको जनाएको छ ।

## पर्सामा प्रहरी जवानको हत्या, चार जना पक्राउ

दैनिक समाचारदाता

पर्सा,३० चैत । जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत २८ वर्षीय प्रहरी जवान विकास चौरसियाको पर्सामा हत्या भएको छ । घटनामा संलग्न रहेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले चार जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार वीरगञ्ज महानगरपालिका(९, मुर्लीस्थित फिरोज मियाँको घरमा आइतबार साँझ करिब ५ बजे चौरसिया गम्भीर घाइते अवस्थामा फेला पर्नुभएको थियो । जानकारी प्राप्त भएपछि उद्धारका लागि पुगेको प्रहरी टोलीले उहाँलाई उपचारका लागि नारायणी अस्पताल पु¥याएको थियो । तर चिकित्सकले मृत घोषणा गरेका थिए ।

प्रहरीका अनुसार चौरसियाको शरीरका विभिन्न भागमा धारिलो हतियार प्रहार गरिएको थियो । घटनामा संलग्न रहेको आरोपमा रौतहटका २६ वर्षीय सन्तोष साह, उनकी श्रीमती २४ वर्षीया सोनी साह, बाराका १९ वर्षीय विशाल साह तथा भारतीय नागरिक २० वर्षीय कन्हैया कुमारलाई पक्राउ गरिएको सूचना अधिकारी बस्नेतले जानकारी दिनुभयो ।

पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको र विस्तृत विवरण हाल सार्वजनिक गर्न नसकिने प्रहरीले जनाएको छ । प्रहरी जवान चौरसिया १० दिनको घर बिदामा पर्सा आउनुभएको थियो । उहाँको घर पर्सा जिल्लाको कालिकामाई गाउँपालिका(१ मा रहेको छ ।

## वार्षिक कार्ययोजनाबारे समीक्षा




काठमाडौँ ३० चैत । राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले आफ्नो वार्षिक कार्ययोजनाबारे समीक्षा गरेको छ।

समितिका सभापति कृष्णप्रसाद पौडेलेको अध्यक्षतामा आज बसेको बैठकले साउनदेखि चैत मसान्तसम्म भएका काम कारबाहीबारे समीक्षा गरिएको समितिका सचिव डा. रोजनाथ पाण्डेले जानकारी दिए।

बैठकले समितिले बाँकी काम असार मसान्तसम्म सक्ने गरी कार्ययोजना स्वीकृत गरेको छ । यस्तै, प्रि-बजेट छलफललाई अगाडि बढाउने, सरकारले अगाडि सारेको सुशासनसम्बन्धी कार्यसूची परिणाम निकाल्ने गरी ‘फ्लोअप’ गर्ने निर्णय गरिएको छ। समितिले बजेट कार्यान्वयन भए/नभएकाबारे अध्ययनका साथै अनुगमन मूल्याङ्कन र निर्णयको कार्ययोजना बनाएर समीक्षा गर्ने निर्णय गरेको सचिव डा. पाण्डेले बताए। बैठकमा बजेट, सुशासन, निर्णय कार्यान्वयनलगायत २४ वटा विषयमा केन्द्रित रहेर छलफल भएको उनले जानकारी दिए। रासस


## लोकतन्त्र दिवस, २०८२

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई अझ सुदृढ बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यताको संरक्षणमा योगदान दिऔं ।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# नयाँ वर्षको सन्देश: सुधार र समृद्धिको अपेक्षा

विक्रम संवत् अनुसार नयाँ वर्षको सुरुवात वैशाख १ गतेबाट हुन्छ। यो केवल पात्रो परिवर्तन मात्र होइन, समयको नयाँ चक्रको आरम्भ पनि हो। नयाँ वर्षले मानिसमा नयाँ ऊर्जा, नयाँ सोच र नयाँ संकल्प भर्ने गर्दछ। व्यक्तिले आफ्ना विगतका दुःख(सुखलाई स्मरण गर्दै नयाँ लक्ष्यसहित अगाडि बढ्ने प्रेरणा लिन्छ। यही भावनाले समाज, राष्ट्र र समग्र विकास प्रक्रियालाई पनि प्रभावित पार्ने गर्दछ।

नयाँ वर्ष केवल उत्सवको अवसर मात्र नभई आत्मसमीक्षा र भावी दिशाको निर्धारण गर्ने महत्वपूर्ण समय पनि हो। यस दिनलाई विगतको मूल्यांकन र भविष्यको योजना बनाउने अवसरका रूपमा लिनु अत्यावश्यक हुन्छ। तर, विगत वर्ष २०८२ लाई नियाल्दा नेपाली समाजका लागि यो वर्ष अपेक्षाकृत सहज र सुखद हुन सकेन। राजनीतिक अस्थिरता, आन्तरिक द्वन्द्व, सामाजिक कलह तथा विभिन्न प्रकारका हिंसात्मक घटनाले देशलाई गहिरो असर पारे। यी घटनाहरूका कारण सयौं नागरिकले ज्यान गुमाउनुपरेको तथ्य अत्यन्त दुःखद छ।

विशेषगरी, पछिल्लो समय देखिएको आन्दोलन, असन्तुष्टि र सामाजिक तनावले देशको शान्ति तथा स्थायित्वमा गम्भीर प्रश्न उठाएको छ। समयअघि भएको प्रतिनिधिसभा निर्वाचनले राजनीतिक अस्थिरताको संकेत मात्र दिएन, जनविश्वासमा पनि असर पारेको देखिन्छ। यस्ता घटनाहरूले भौतिक तथा आर्थिक क्षतिसँगै गहिरो मानवीय पीडा सिर्जना गरेका छन्, जसको प्रभाव अझै पनि जनमानसमा कायम छ।

सुशासनको अभाव, बढ्दो भ्रष्टाचार र अनियमितताले राज्यप्रतिको विश्वास कमजोर बनाएको छ। भ्रष्टाचार जस्तो विकृति क्यान्सरजस्तै फैलिँदै गएको अवस्थामा आम नागरिकले राज्यबाट अपेक्षित सेवा र सुरक्षा अनुभूत गर्न सकेका छैनन्। अर्कोतर्फ शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत क्षेत्रहरूमा देखिएको कमजोरीले जनजीवन थप कष्टकर बनाएको छ। विशेषगरी युवा वर्ग बेरोजगारीको समस्याबाट ग्रस्त भई वैदेशिक रोजगारीतर्फ धकेलिन बाध्य भएका छन्, जसले भविष्यप्रति अनिश्चितता थपेको छ।

यद्यपि, फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनपछि बनेको नयाँ सरकारप्रति जनताको अपेक्षा र विश्वास दुवै उच्च देखिएको छ। नयाँ नेतृत्वले छोटो समयमै देखाएको सक्रियता र कार्यगत गति सकारात्मक संकेतका रूपमा लिन सकिन्छ। जनताका आधारभूत आवश्यकताहरू शिक्षा, स्वास्थ्य, रोजगारी र उद्योग पुनः सञ्चालनप्रति सरकारको चासो र प्रयास आशा जगाउने खालका छन्।

विशेषतः युवा नेतृत्वको उदयले देशमा नयाँ ऊर्जा र परिवर्तनको सम्भावना देखाएको छ। तर, केवल जोस र उत्साहले मात्र दीर्घकालीन सफलता सुनिश्चित गर्न सक्दैन। राजनीतिक परिपक्वता, अनुभव र दूरदृष्टिको अभावले निर्णय प्रक्रियामा चुनौती ल्याउन सक्छ। त्यसैले सरकारलाई सही दिशामा अघि बढाउन नागरिक समाज, सञ्चारमाध्यम र स्वयं जनताको निरन्तर निगरानी र सचेत भूमिकासमेत अपरिहार्य हुन्छ।

नयाँ वर्ष २०८३ ले नेपाली समाजलाई विगतका कमजोरीहरूबाट सिक्दै सुधार र समृद्धिको बाटोमा अघि बढ्ने अवसर प्रदान गरेको छ। अबको आवश्यकता भनेको केवल आशा राख्ने मात्र होइन, जिम्मेवारीपूर्वक आ(आफ्नो भूमिका निर्वाह गर्ने हो। राज्यले सुशासन र पारदर्शिता सुनिश्चित गर्नुपर्छ भने नागरिकले पनि सकारात्मक सहभागिता जनाउनुपर्छ।

अन्त्यमा, नयाँ वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नेपालीमा शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै, यो वर्ष राष्ट्रका लागि स्थायित्व, सुशासन र विकासको वर्ष बन्न सकोस् भन्ने अपेक्षा व्यक्त गर्दछौं।

# दीना-भद्री र सलहेशको सन्देश



चन्देश्वर सादा

मिथिला मधेशको सांस्कृतिक परम्परा केवल गीत, नाच र उत्सवमा सीमित छैन; यो इतिहास, पीडा, प्रतिरोध र आत्मसम्मानको जीवन्त दस्तावेज पनि हो। मुसहर, दुसाध र पासवानजस्ता समुदायहरूमा प्रचलित गाथाहरू जसमा दीना भद्री, राजा सलहेश र किसनारामजस्ता वीर पात्रहरू समेटिएका छन्। यी सबै केवल कथाका नायक होइनन्, सामाजिक न्याय र मानव अधिकारका प्रतीक हुन्।





यी गाथाहरूको पृष्ठभूमि प्रकृतिसँग गहिरो रूपमा गाँसिएको छ। वन, नदी, खेतबारी र गाउँका परिवेशले यी कथालाई जीवन्त बनाउँछन्। गहवर, थान, माटोका पिण्ड, लोकवाद्य जस्तै मृदंग, झायल र ढोल यी सबैले एउटा विशिष्ट सांस्कृतिक संसार निर्माण गरेका छन्, जहाँ श्रद्धा र प्रतिरोध एकसाथ बाँचिरहेका छन्। गाथा गायन, नाच र मूर्ति पूजाको परम्पराले समुदायलाई एक सूत्रमा बाँध्ने काम गरेको छ।

विशेषगरी राजा सलहेश र दीना भद्री का कथाहरू सामाजिक संरचनाको आलोचना हुन्। सलहेश प्रेम, वीरता र नेतृत्वका प्रतीकका रूपमा देखिन्छन् भने दीना(भद्री अन्याय, श्रमशोषण र यौन उत्पीडनविरुद्धको सशक्त आवाज हुन्।

> मिथिला-मधेशको लोकसंस्कृतिमा दीना भद्री र राजा सलहेश जस्ता गाथानायकहरू सामाजिक न्याय, आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन्। गहवर, लोकगीत र उत्सवमार्फत उनीहरूको स्मरण गर्दै समुदायले अन्याय, शोषण र विभेदविरुद्ध चेतना र एकता सुदृढ गर्दै आएको छ।

दीना(भद्रीको जीवन संघर्षले स्पष्ट रूपमा देखाउँछ कि उनी केवल लोकनायक होइनन्, एउटा सामाजिक क्रान्तिका वाहक थिए। श्रमिकलाई बिना ज्याला काम गराउने प्रथा विरुद्धको उनको प्रतिकार आजको मानव अधिकारको भाषामा समेत उत्तिकै सान्दर्भिक देखिन्छ।

यी गाथाहरूमा तन्त्र(मन्त्र, प्रेम, युद्ध र षड्यन्त्रका प्रसंगहरू भए पनि मूल सन्देश स्पष्ट छ। अन्यायको अन्त र न्यायको स्थापना। दीना(भद्रीको छलकपटपूर्वक हत्या हुनु केवल एउटा कथात्मक घटना होइन, यो शोषित वर्गमाथि हुने संरचनागत हिंसाको प्रतीक हो। यद्यपि, उनको मृत्युले उनको प्रभावलाई मेटाउन सकेन; बरु उनी झन् व्यापक रूपमा जन(नायक बने।

गहवरमा हुने पूजा, जहाँ माटोका पिण्डलाई ब्रह्माण्डको प्रतीक मानेर धूप, दीप, अक्षत र प्रसादले सजाइन्छ, त्यो केवल धार्मिक अनुष्ठान होइन। यो सांस्कृतिक पहिचानको पुनःस्थापना हो। हजारौं मानिसहरूको सहभागितामा हुने उत्सवहरूले देखाउँछन् कि यी गाथाहरू आज पनि जनजीवनमा कति गहिरो रूपमा जरा गाडेर बसेका छन्।

आजको समय, जब समाज अझै पनि वर्ग, जात र असमानतासँग जुधिरहेको छ, यी लोकगाथाहरूको सन्देश अझ सशक्त देखिन्छ। यी कथाहरूले सिकाउँछन् कि सांस्कृतिक अभिव्यक्ति केवल मनोरञ्जन होइन, यो प्रतिरोधको माध्यम पनि हो।

अन्ततः, दीना(भद्री, सलहेश र किसनारामजस्ता लोकनायकहरूलाई केवल पूजा गरेर मात्र पुग्दैन; उनीहरूले देखाएको न्याय, समानता र आत्मसम्मानको मार्गलाई व्यवहारमा उतार्नु नै वास्तविक सम्मान हुनेछ। यिनै गाथाहरूमा लुकेको चेतना आजको समाज परिवर्तनको आधार बन्न सक्छ।

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नयाँवर्षको पूर्वसन्ध्यामा ज्ञानेन्द्र शाहको अपिल



३० चैत, काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले संवैधानिक समाधान खोज्न विलम्ब नगर्न सबै पक्ष संकल्पित हुनुपर्ने बताएका छन् ।

सोमबार नयाँ वर्ष-२०८३ को अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन नहुने बताए । निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुने बताउँदै पूर्वराजा शाहले सबै पक्षको माग सम्बोधन हुनेगरी संवैधानिक समाधानबारे सोच्नुपर्ने बताए ।

'निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुन्छौं । परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन । जनचाहना समेतलाई मनन गरी देशलाई केन्द्रमा राखेर कदम बढाउन विलम्ब नगरौं । संवाद, सहमति र सहकार्यका माध्यमबाट सबै पक्षको मागलाई सम्बोधन हुनेगरी संवैधानिक समाधान खोज्न दृढ संकल्पित बनौं,' शाहले भनेका छन् ।

उनले राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा निकै हेरफेर भएको भएपनि त्यो कोरा परिवर्तनमात्रै भएको टिप्पणी गरेका छन् । साथै, देश प्रयोगशाला मात्रै भएको भन्दै राष्ट्र निर्माणमा पछि परेको उल्लेख गरेका छन् ।

'राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा हामीले निकै हेरफेर हेर्‍यौं । तर त्यो कोरा परिवर्तनमात्रै भयो,' पूर्वराजा शाहले भनेका छन्, 'दलदलको खलबलमा त हामी धेरै दगुरियौं । तर राष्ट्रको श्रीवृद्धिमा हामी निकै पछि पर्‍यौं । सधैं प्रयोग, सधैं अभ्यास र सधैं विकल्पको खोजीमा मात्रै लाग्यौं । फलस्वरुप हाम्रो देश प्रयोगशाला मात्रै रह्यो ।'

*यस्तो छ नववर्षको पूर्वसन्ध्यामा ज्ञानेन्द्र शाहले गरेको सम्बोधन-*
*त्यारा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू*

हामी नयाँ वर्ष २०८३ मा आइपुगेका छौं । नव वर्ष आरम्भको यो परिवर्तनको पुनित अवसरमा देशभित्र र संसारका विभिन्न भूभागमा रहे बसेका सबै नेपालीहरूलाई सुख र शान्तिको मंगलमग शुभकामना ।

समयको प्रवाहसँगै हामीले हाम्रो देश र समाजलाई प्रगतिपथमा अघि बढाउँदै जानुपर्दछ । विगतका कमी कमजोरी र त्रुटिलाई सच्याउँदै र वाधा व्यवधानलाई पन्छाउँदै हामी हाम्रो उच्चतम गन्तव्यतर्फ लम्किनुपर्छ । तब नै नयाँ वर्षको नवगत समयको अर्थ रहन्छ ।

वितेका कतिपय वर्ष वान्छित विकासका दृष्टिले नेपाल झन् झन् तल तल झर्दै गयो भन्ने नेपालीहरूको आम मनोभावना रह्यो । राजनीति, राज्य पद्धति र शासन प्रशासनको प्रणालीमा हामीले निकै हेरफेर हेर्‍यौं । तर त्यो कोरा परिवर्तनमात्रै भयो । दलदलको खलबलमा त हामी धेरै दगुरियौं । तर राष्ट्रको श्रीवृद्धिमा हामी निकै पछि पर्‍यौं । सधैं प्रयोग, सधैं अभ्यास र सधैं विकल्पको खोजीमा मात्रै लाग्यौं । फलस्वरुप हाम्रो देश प्रयोगशाला मात्रै रह्यो ।

स्थिरता, निरन्तरता, दृढता कता कता हराएर गयो । विधि, पद्धति, व्यक्ति बदलेर मात्रै समग्र स्थिति बन्ने रहेनछ भन्ने कुराको पाठ हामीलाई विगतले सिकाएको छ । राजनीति र राज्य सञ्चालनको गतिविधिमा युवा पिढीको संलग्नता बढ्दै जानु उत्साहको विषय हो । पढेलेखेका, देश बुझेका र आधुनिक प्रविधिको ज्ञान भएका उत्साही पात्रहरूको आगमनले राष्ट्रलाई फलदायी बनाउनुमा मद्दत पुग्छ भन्ने हामीलाई लागेको छ ।

आज हाम्रो देश चौतर्फी समस्याको चाङमा छ । यो बेलामा नेपाली जनताको आशा र अभिलाषा पनि उत्तिकै छन् । यो अवस्थामा हाम्रो आर्थिक अवस्थालाई कसरी उकास्ने, छिमेकीहरू र बाह्य मित्र शक्तिहरूको सहयोग, सद्भाव कसरी बढाउँदै जाने भन्नेमा हाम्रो ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ । आन्तरिक सुरक्षा प्रणालीको दृष्टिले मुलुक अत्यन्तै नाजुक अवस्थामा परेको छ । नयाँ वर्षमा जीउधनको सुरक्षा, अत्यावश्यक वस्तु र स्रोत साधनको संरक्षण एवं जीवन जिउने मानवीय सुरक्षाको हक अधिकारको प्रत्याभूति दिनु सुरक्षाका अंग, हाम्रा सेवा सुविधाका क्षेत्र, प्रकृति र मौसमी कारणमा हुने प्रकोपका विषयमा आन्तरिक सुरक्षालाई चुस्त बनाउन आवश्यक देखिन्छ । आजको विषम र अशान्त विश्वमा हामीले आफूलाई जोगाउने, उत्पादित वस्तुको जुगाड गर्ने र कुनै प्रकारको व्यवधान पर्न नदिनेतर्फ राज्यको गहिरो ध्यान पर्नुपर्ने देखिन्छ ।

आम नागरिकले कुनै प्रकारको शारिरिक, मानसिक, भौतिक तथा जीवन यापनको मामलामा त्रास,पीडा अभावको अनुभव गर्न नपरोस् । हरेक क्षेत्रमा भरपर्दो आत्मनिर्भर भएर परनिर्भरताबाट र स्वाधिन भएर पराधिनताबाट देशलाई जोगाउनुछ । देशको स्रोत शक्ति हो । सही उपयोग भएमा नै समाजको कल्याण हुन्छ । अनि देशको स्वधर्म, संस्कृति र मौलिक कलाकृतिको संवर्धन भयो भने नै देशको गौरव बढ्छ । त्यसैले यिनै मूलभूत काम कर्तव्यतर्फ अब हाम्रो पाइला अघि बढ्नुपर्छ । निषेध, फुट, बन्द र विद्रोहले हामी कमजोर हुन्छौं । परस्परको राग, द्वेष, प्रतिशोध र निषेध राजनीतिमा हुन हुँदैन । जनचाहना समेतलाई मनन गरी देशलाई केन्द्रमा राखेर कदम बढाउन विलम्ब नगरौं । संवाद, सहमति र सहकार्यका माध्यमबाट सबै पक्षको मागलाई सम्बोधन हुनेगरी संवैधानिक समाधान खोज्न दृढ संलल्पित बनौं । नेपाल शान्तिको भूमि बनोस् । उन्नतीको मुलुक बनोस् । अनि आफ्नै मौलिक सनातन र पहिचानबाट परिचालित एवं प्रतिष्ठित बनोस् । सबै नेपालीले न्याय शान्ति र सुख पाउन् । यही हाम्रो सदिक्षा हो । श्री पशुपतिनाथले सबैको कल्याण गरुन् । जय नेपाल

# इरान युद्धविरामको अधिकांश इजरायलीद्वारा विरोध

एजेन्सी
तेल अभिभ ३० चैत । इरान युद्धविरामको अधिकांश इजरायलीले विरोध गरेका छन् । हिब्रु युनिभर्सिटी अफ यरुसेलमले गरेको एउटा नयाँ सर्वेक्षणले अधिकांश इजरायली नागरिकहरू इरानसँगको युद्धविरामको पक्षमा नरहेको देखाएको छ ।



सर्वेक्षणअनुसार करिब दुई तिहाइ नागरिकहरूले युद्धविरामको विरोध गरेका छन् । यद्यपि, इजरायलले दुई साताको युद्धविराम पालना गर्ने कि इरानमाथि आक्रमण पुनः सुरु गर्ने भन्ने विषयमा जनमत विभाजित देखिएको छ ।

इरानसम्बन्धी प्रश्नमा ३९ प्रतिशतले आक्रमण जारी राख्नुपर्ने बताएका छन् भने ४१ प्रतिशतले युद्धविरामलाई सम्मान गर्नुपर्ने धारणा राखेका छन् । लेबनानको सन्दर्भमा भने ६१ प्रतिशत इजरायलीहरूले हिजबुल्लाह विरुद्धको लडाइँमा युद्धविराम लागू गर्न नहुने बताएका छन्, जुन अमेरिका-इरान वार्तामा तेहरानले उठाएको प्रमुख माग हो ।

यसैबिच सर्वेक्षणले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको लोकप्रियता पनि घट्दै गएको देखाएको छ । युद्ध सुरु हुँदा ४० प्रतिशत समर्थन रहेकोमा अहिले ३४ प्रतिशत मात्रले उनलाई प्रधानमन्त्रीका रूपमा रोजेको सर्वेक्षणमा उल्लेख छ ।

# कांग्रेसले बोलायो अनुशासन समिति बैठक

दैनिक समाचारदाता
काठमाडौं ३० चैत । नेपाली कांग्रेसको अनुशासन समिति बैठक बोलाएको छ । वैशाख २ गते बस्ने गरी अनुशासन समिति बैठक बोलाइएको हो ।

'नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिको बैठक २०८२ वैशाख २ गते बुधबारका दिन बिहान ११:०० बजे पार्टीको केन्द्रीय कार्यालय, बी.पी.स्मृति भवन, बी.पी. नगर ललितपुरमा बस्ने यसै विज्ञप्ति मार्फत जानकारी गराइन्छ,' सोमबार समितिका सचिव दिनेश थापामगरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

प्रतिनिधि सभा निर्वाचनमा अन्तर्घात गर्ने तथा विशेष महाधिवेशनबाट आएको समितिलाई निर्वाचन आयोगले आधिकारिकता दिइसकेपछि पनि कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति निकाल्ने पूर्णबहादुर खड्काबारे छलफल गर्न बैठक आह्वान गरिएको नेताहरूले बताएका छन्।

# इरानमा सन् २०२५ मा १६०० बढीलाई मृत्युदण्ड

एजेन्सी
तेहरानमा । इरानमा सन् २०२५ मा मृत्युदण्डको प्रयोग चिन्ताजनक रूपमा तीव्र भएको पाइएको छ । दुई अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाका अनुसार उक्त वर्ष कम्तीमा एक हजार ६३९ जनालाई मृत्युदण्ड दिइएको छ । यो सन् १९८९ पछिकै उच्च सङ्ख्या हो र यसले राज्यद्वारा दमनको औजारका रूपमा मृत्युदण्ड प्रयोग भइरहेको सङ्केत गरेको छ ।

नर्वेमा आधारित इरान मानव अधिकार (आइएचआर) र पेरिसस्थित टुगेदर एगेन्स्ट द डेथ पेनाल्टी (इसिपिएम) ले सार्वजनिक गरेको संयुक्त प्रतिवेदनअनुसार यो सङ्ख्या अघिल्लो वर्ष २०२४ को तुलनामा ६८ प्रतिशतले बढी हो । सन् २०२४ मा ९७५ जनालाई मृत्युदण्ड दिइएको थियो । मृत्युदण्ड दिइएकामध्ये ४८ जना महिला पनि रहेका छन् । यो पछिल्लो दुई दशकयताकै उच्च सङ्ख्या हो । प्रतिवेदनले उल्लेख गरेअनुसार दैनिक औसत चारभन्दा बढी व्यक्तिलाई फाँसी दिइएको देखिन्छ, र यो तथ्याङ्क 'न्यूनतम अनुमान' मात्र भएको जनाइएको छ, किनभने धेरै घटनाहरू आधिकारिक रूपमा सार्वजनिक हुँदैनन् । आइएचआरले मृत्युदण्ड पुष्टि गर्न दुई स्वतन्त्र स्रोत आवश्यक पर्ने नीति अपनाउँदै आएको छ ।

विश्लेषकहरूका अनुसार सन् २०२५ को यो वृद्धि केवल आपराधिक कारबाही मात्र नभई राजनीतिक सन्देश पनि हो । आइएचआरका निर्देशक महमुद अमीरी-मोघद्दमले भने, "दैनिक चारदेखि पाँच मृत्युदण्डमार्फत डरको वातावरण सिर्जना गरेर सरकारले सम्भावित विरोधलाई दबाउने प्रयास गरेको देखिन्छ ।"



प्रतिवेदनले जनवरी २०२६ मा भएको विरोध प्रदर्शनपछि अवस्था झनै गम्भीर बन्न सक्ने चेतावनी दिएको छ । अधिकारकर्मीहरूका अनुसार सयौं प्रदर्शनकारीहरू हिरासतमा छन् र उनीहरूलाई गम्भीर आरोप लगाएर मृत्युदण्डसम्मको जोखिममा राखिएको छ । यसअघि पनि त्यस्ता प्रदर्शनहरू कडा दमनका साथ नियन्त्रण गरिएको र हजारौं मानिस मारिएको तथा दशौं हजार पक्राउ परेका दाबी गरिएको छ ।

फेब्रुअरी २८ देखि सुरु भएको इजरायल र अमेरिकाविरुद्धको युद्धकै क्रममा पनि इरानले मृत्युदण्डको प्रक्रिया रोकेको छैन । प्रतिवेदनअनुसार जनवरीको विरोधसँग सम्बन्धित सात जनालाई फाँसी दिइएको थियो, जसमा प्रतिबन्धित विपक्षी समूह 'पिपुल्स मुजाहिदीन अफ इरान' का सदस्यहरू र एक दोहोरो इरानी-स्विडिस नागरिकसमेत परेका छन् ।

इसिपिएमका कार्यकारी निर्देशक राफेल चेनुइल-हाजानले मृत्युदण्डलाई 'राजनीतिक नियन्त्रणको औजार' का रूपमा प्रयोग गरिएको आरोप लगाए । उनका अनुसार विशेषगरी कुर्द र बलुचजस्ता जातीय तथा धार्मिक अल्पसङ्ख्यकहरू यसबाट असमान रूपमा प्रभावित भएका छन् ।

मृत्युदण्ड दिइएकामध्ये करिब आधा व्यक्तिहरू लागुऔषधसम्बन्धी अपराधमा दोषी ठहरिएका थिए । महिला मृत्युदण्डको सन्दर्भमा ४८ मध्ये २१ जना आफ्ना पति वा मङ्गेतरको हत्या अभियोगमा दोषी ठहरिएका थिए । अधिकार समूहहरूले तीमध्ये धेरै महिला हिंसात्मक वा दुर्व्यवहार पूर्ण सम्बन्धमा रहेको दाबी गरेका छन् ।

प्रतिवेदनले सन् २०२५ मा सार्वजनिक फाँसीको सङ्ख्या पनि बढेको उल्लेख गरेको छ । अधिकांश मृत्युदण्ड जेलभित्रै कार्यान्वयन गरिए पनि सार्वजनिक रूपमा दिइने फाँसी तीन गुणा बढेर ११ पुगेको छ । इरानको कानूनले मृत्युदण्डका विभिन्न तरिका अनुमति दिए पनि पछिल्ला वर्षहरूमा सबैजसो सजाय फाँसीमार्फत कार्यान्वयन हुँदै आएको छ । मानवअधिकार सङ्गठनहरूका अनुसार इरान विश्वमै प्रतिव्यक्ति आधारमा सबैभन्दा बढी मृत्युदण्ड दिने मुलुकमध्ये एक हो । दोस्रो स्थानमा चीन पर्ने दाबी गरिएको छ, यद्यपि चीनका तथ्याङ्कहरू सार्वजनिक रूपमा उपलब्ध छैनन् ।

# ट्याक्सी महँगो भएपछि निःशुल्क बस सेवा

दैनिक समाचारदाता
काठमाडौं, ३० चैत । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आवत-जावतमा असुविधा भएपछि पोखरा महानगरपालिकाले यस क्षेत्रमा निःशुल्क विद्युतीय बस सेवा सञ्चालन गर्ने भएको छ ।

पृथ्वी राजमार्गबाट करिब दुई किलोमिटर भित्र रहेको विमानस्थलबाट बाहिरिने यात्रुसँग ट्याक्सी व्यवसायीले चर्को भाडा लिने गरेको गुनासो बढ्दै गएको छ ।




अन्य सार्वजनिक यातायातको अभाव र ट्याक्सी सेवाको महँगोपनका कारण विमानस्थलदेखि अमरसिंह चोकसम्म सुविधा सम्पन्न विद्युतीय सटल बस सेवा सञ्चालन गर्न लागिएको हो । महानगरका सूचना अधिकारी कृष्णप्रसाद तिवारीका अनुसार नयाँ वर्षदेखि सुरु हुने उक्त सेवा असार मसान्तसम्म यात्रुले निःशुल्क प्रयोग गर्न पाउनेछन् ।

"विमानस्थल प्रशासनसँग समन्वय गरेर उडान हुने समयमा बस सञ्चालन गरिनेछ," उहाँले भन्नुभयो, "हालका लागि दुई वटा बस सञ्चालनमा ल्याइने छन् । असारपछि भने न्यूनतम शुल्क लिइनेछ ।"

महानगरपालिकाको पहलमा विभिन्न वित्तीय संस्था तथा मोटर सञ्चालन कम्पनीहरूको साझेदारीमा सेवा सञ्चालन गर्न लागिएको हो ।

महानगर प्रमुख धनराज आचार्यले नयाँ वर्षको उपहारस्वरूप यो सेवा सुरु गर्न लागिएको बताउनुभयो । "यसले विमानस्थलबाट मुख्य बजार क्षेत्रसम्म आवत-जावत गर्न यात्रुलाई सहज बनाउनेछ," उहाँले भन्नुभयो ।

असारसम्मका लागि साझेदार खोज्ने वा महानगर आफैंले सञ्चालन खर्च व्यहोर्ने तयारी गरिएको छ । महानगरका अनुसार एक विद्युतीय बसको मूल्य करिब एक करोड ३० लाख रुपैयाँ रहेको छ । साथै, जोखिम न्यूनीकरण केन्द्रसमेत मङ्गलबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

# जातीय विभेदको आरोपमा महोत्तरीमा महिला पक्राउ

दैनिक समाचारदाता
महोत्तरी, ३० चैत । अन्तरजातीय विवाह गरेको कारण जातीय छुवाछुत तथा अमानवीय व्यवहार गरेको आरोपमा महोत्तरीमा एक महिलालाई पक्राउ गरिएको छ ।

औरही नगरपालिका(५ निवासी ४५ वर्षीया ववितादेवीलाई जातीय छुवाछुत तथा अमानवीय व्यवहारसम्बन्धी मुद्दामा पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार गत माघ ८ गते दर्ता भएको मुद्दापछि फरार रहेकी उनलाई लुकिछिपी बसेको अवस्थामा घरबाटै नियन्त्रणमा लिइएको हो ।

उक्त मुद्दा उहाँकी बुहारी इन्द्रा कुमारी मण्डलले दिएको जाहेरीका आधारमा दर्ता भएको हो । इन्द्राका अनुसार आफूले नाबालक सन्तानसहित घर प्रवेश गर्न खोज्दा सासुले "कुलदेवता रिसाउने" भन्दै कुटपिट गर्नुका साथै घरभित्र पस्न नदिई जातीय रूपमा अपमानजनक व्यवहार गर्नुभएको आरोप छ ।

इन्द्राका श्रीमान् मेघनाथ यादव हाल सम्पर्कविहीन रहेको जनाइएको छ । उहाँले श्रीमान् तथा परिवारका अन्य सदस्यविरुद्ध अंश मुद्दासमेत दर्ता गर्नुभएको छ ।

महोत्तरीकै औरही(३, श्रीपुर निवासी इन्द्रा कुमारी मण्डलले सासुको पक्राउपछि न्याय पाउने आशा व्यक्त गर्नुभएको छ । उहाँका अनुसार फागुन १२ गते जन्मिएको शिशुले अहिलेसम्म आफ्नै बाबुको अनुहार समेत देख्न पाएको छैन ।

मेघनाथ यादवसँग भागेर विवाह गरेकी इन्द्राका अनुसार सासुले श्रीमानलाई आफूबाट टाढा राखेको र आफूलाई घरमा प्रवेश गर्न नदिएको बताइएको छ ।

इन्द्राले भन्नुभयो, "विवाहका बेला हामी दुवै जना नाबालक (१७ वर्ष) थियौँ, जसका कारण कानुनी प्रक्रिया सहज हुन सकेन । त्यसैले केही समय भारतको कन्हमा क्षेत्रमा बसोबास गरेका थियौँ । पछि सासु त्यहाँ पुगेर 'सामान किनिदिन्छु' भन्दै श्रीमानलाई बजार लगेपछि उतै लुकाएर राख्नुभएको छ । त्यसपछि मैले उहाँको अनुहार समेत देख्न पाएकी छैन । त्यतिबेला म छ महिनाकी गर्भवती थिएँ ।"

श्रीमान् नफर्किएपछि आफू घर पुग्दा "तल्लो जातकी छोरी" भन्दै प्रवेश गर्न नदिइएको र अमानवीय व्यवहार गरिएको उहाँले गुनासो गर्नुभयो । उहाँका अनुसार श्रीमान् आफूलाई माया गर्ने भए पनि परिवारको दबाबका कारण अलग पारिएको र हाल उहाँको अवस्था अज्ञात रहेको छ ।

उहाँले प्रहरीसमक्ष जाँदा बलात्कार मुद्दा दर्ता गर्न सुझाव दिइएको भए पनि आफूले सो मुद्दा दर्ता नगरेको बताउनुभयो । प्रेम विवाह गरे पनि न्याय प्राप्तिका लागि अन्य बाटो अपनाउनुपर्ने अवस्था आउनु दुःखद भएको उहाँको भनाइ छ ।

प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जनाएको छ । जातीय विभेद तथा अमानवीय व्यवहारजस्ता संवेदनशील विषयमा कानुनी प्रक्रिया अघि बढाइएको र अन्य संलग्न व्यक्तिहरूको भूमिकासमेत अनुसन्धानको दायरामा ल्याइने जनाइएको छ ।

यस घटनाले समाजमा अझै विद्यमान जातीय विभेद, बालविवाह तथा पारिवारिक हिंसाका समस्या उजागर गरेको छ । सरोकारवालाहरूले यस्ता घटनाको अन्त्यका लागि प्रभावकारी कार्यान्वयन र पीडितलाई न्याय सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

# मन्त्रीको सम्पत्ति र करको स्रोत खोजौँ : सांसद कर्ण

दैनिक समाचारदाता
काठमाडौँ ३० चैत । राष्ट्रियसभा सदस्य रञ्जित कर्णले सभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा सरकारको कार्यशैली र सुशासनको नारामाथि प्रश्न उठाएका छन् । उनले मन्त्रीहरूको अस्वाभाविक सम्पत्ति, करको दायरा तथा नयाँ पुस्तामा राजनीतिप्रति बढ्दो अविश्वासबारे टिप्पणी गरेका हुन् ।

सांसद कर्णले राष्ट्रियसभालाई केवल औपचारिकतामा सीमित नराखी 'वरिष्ठ बुद्धिजीवी र अग्रजहरूको सभा' का रूपमा परिभाषित गरे । उनले सरकारका हरेक गतिविधिमाथि सूक्ष्म निगरानी गर्दै सत्तापक्षलाई स्वेच्छाचारी हुनबाट रोक्न 'चेक एन्ड ब्यालेन्स' को भूमिका निर्वाह गर्नुपर्ने बताए ।

'संसद्को आवाज नै जनताको आवाज हो । यदि सरकारले संसद्मा उठेका प्रश्न सुन्दैन र उपेक्षा गर्छ भने त्यो लोकतन्त्रको उपहास हो,' कर्णले भने ।

उनले पछिल्लो समय चर्चामा रहेको मन्त्रीहरूको सम्पत्ति विवरणप्रति पनि आलोचना गरे । कर्णका अनुसार मन्त्रीहरूले सार्वजनिक गरेको सम्पत्ति विवरणको तथ्यपरक छानबिन, कर चुक्ता अवस्था र आयस्रोतको वैधानिकता अनिवार्य रूपमा जाँच हुनुपर्छ ।

'मन्त्री हुनासाथ सम्पत्ति विवरण त आउँछ, तर त्यो सम्पत्ति कहाँबाट आयो ? त्यसको कर तिरिएको छ कि छैन ? आयस्रोत के हो ? यी प्रश्नको उत्तर नखोजी सुशासनको चर्चा गर्नु



निरर्थक हुन्छ,' उनले बताए । उनले मन्त्रिपरिषद्का सदस्यहरू नै शङ्काको घेरामा रहँदासम्म जनतामा सुशासनको अनुभूति हुन नसक्ने धारणा व्यक्त गरे । राजनीतिमा देखिएको विचलनका कारण नयाँ पुस्ता, विशेषगरी 'जेन-जी', मा राज्य संयन्त्र र संसद्प्रति गहिरो अविश्वास पैदा भएको उनको तर्क थियो ।

'आजको युवा पुस्ताले संसद् र नेताप्रति हेर्ने दृष्टिकोण बदलिएको छ । यदि अहिले नै सुधार गर्न सकिएन भने यो पुस्ताले समग्र प्रणाली नै अस्वीकार गर्ने जोखिम बढ्नेछ,' कर्णले चेतावनी दिए । अविश्वास हटाउन २०४६ सालयताका सबै उच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गर्नुपर्ने आवश्यकता उनले औँल्याए । यसैबीच, महान्यायाधिवक्ता डा. नारायणदत्त कँडेलको योग्यतामाथि प्रश्न उठाउँदै सर्वोच्च अदालतमा रिट दायर भएको छ । वरिष्ठ अधिवक्ता माधवकुमार बस्नेतले उक्त रिट दायर गर्नुभएको हो । सर्वोच्च अदालतका सूचना अधिकारी निराजन पाण्डेका अनुसार सो रिटको पेसी आगामी वैशाख ३ गतेका लागि तोकिएको छ ।

# इन्धन र सामग्री मूल्यवृद्धिले निर्माण क्षेत्र संकटमा

दैनिक समाचारदाता
रौतहट,३० चैत । मध्यपूर्वमा जारी युद्धका कारण निर्माण क्षेत्रमा प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायत इन्धनको मूल्यमा पटक(पटक भएको अत्यधिक तथा अप्रत्याशित वृद्धिले निर्माण उद्योग ठप्प हुने अवस्थामा पुगेको भन्दै निर्माण व्यवसायी संघ रौतहटले नेपाल सरकारसहित सम्बन्धित सबै निकायको गम्भीर ध्यानाकर्षण गराएको छ । संघले सोमबार विज्ञप्ति जारी गर्दै इन्धनजन्य पदार्थसँगै निर्माण कार्यमा प्रयोग हुने सिमेन्ट, छड, ढुंगा लगायत सामग्रीहरूको निरन्तर भइरहेको अत्यधिक मूल्यवृद्धि तथा बजारमा अभावका कारण निर्माण उद्योग संकटमा परेको जनाएको छ ।

यसका अतिरिक्त देशका विभिन्न स्थानमा ठेक्का आयोजनामा देखिएका समस्याहरूले निर्माण क्षेत्र थप जटिल बनेको निर्माण व्यवसायी संघ रौतहटका वरिष्ठ उपाध्यक्ष उपेन्द्रकुमार यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

निर्माण उद्योगको वर्तमान




विषम परिस्थितिबारे महासंघ केन्द्रीय कार्यालयले पटक(पटक सरकार तथा सम्बन्धित निकायहरूसँग पहल गरे पनि समस्या समाधान हुन नसकेको वरिष्ठ उपाध्यक्ष यादवले बताउनुभयो ।

उहाँका अनुसार ठेक्काको मूल्य समायोजन राष्ट्र बैंकको मूल्य सूचकांकका आधारमा हुने व्यवस्था रहे पनि बजारमा निर्माण सामग्रीको मूल्य निरन्तर बढ्दो क्रममा हुँदा समेत सूचकांकमा मूल्य घटेको देखिने प्रवृत्तिका कारण निर्माण क्षेत्र थप संकटग्रस्त बनेको छ ।

इन्धन तथा निर्माण सामग्रीमा भइरहेको निरन्तर मूल्यवृद्धि र आपूर्ति अभावका कारण व्यवसायीहरूमा ठूलो आर्थिक भार परेको जनाउँदै संघले निर्माण क्षेत्रमा आपतकाल घोषणा गरी तत्काल राहत उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

त्यसैगरी, हालको कानुनी व्यवस्थाअनुसार मूल्य समायोजन गर्न कठिनाइ भइरहेको भन्दै संघले 'मूल्य समायोजन मार्गनिर्देशिका(२' तत्काल जारी गर्न र अवरुद्ध ठेक्का आयोजनाहरूमा यथोचित मूल्य समायोजनको व्यवस्था गर्न आग्रह गरेको छ । साथै, मूल्यवृद्धिबाट प्रभावित सबै तहका निर्माण व्यवसायीहरूको समस्या शीघ्र समाधान गर्न सरकारसँग अपील गरिएको छ ।

# सरकारी विज्ञापन विवादः सर्वोच्चमा सुनुवाइ स्थगित

दैनिक समाचारदाता
काठमाडौँ ३० चैत । सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा दायर मुद्दाको सुनुवाइ आज हुन सकेन । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुङ्गानाको इजलासमा मुद्दा परेको भए पनि समय अभावका कारण सुनुवाइ हुन नसकेको हो । उक्त मुद्दा २२औँ नम्बरमा परेको थियो ।

सर्वोच्च अदालतले सरकारी विज्ञापन निजी मिडियालाई दिने वा नदिने सम्बन्धमा दुईपक्षीय सुनुवाइका लागि सरकारलाई झिकाइसकेको छ । यसअघि गत चैत २४ गतेको सुनुवाइपछि सर्वोच्च अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले अन्तरिम आदेश दिने वा नदिने विषयमा छलफल गर्न सरकारलाई उपस्थित गराउन आदेश दिएको थियो ।

नेपाल मिडिया सोसाइटीका अख्तियारप्राप्त अधिवक्ता अनन्तराज लुईंटेलले मिडियामाथि लगाइएको विज्ञापन निषेधको निर्णयविरुद्ध चैत २३ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । राष्ट्रिय दैनिकलगायत प्रमुख सञ्चारमाध्यमका प्रकाशकहरूको संस्था नेपाल मिडिया सोसाइटीले अधिवक्ता लुईंटेलमार्फत उक्त निर्णयलाई चुनौती दिएको हो ।

चैत १८ गते सचिवस्तरीय निर्णयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू प्रकाशन र प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा तिनका निकायहरू, साथै सार्वजनिक कोष प्रयोग गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजनलगायत सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्नुपर्ने निर्णय गर्दै परिपत्र जारी गरेको थियो ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४